स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'ऐंचौ पैंचो'को 'काले केटा' गीतलाई रुचाइएको छ । यो गीतमा सयौंले टिकटक भिडियो बनाइरहेका छन् भने युट्युबमा पनि भ्युज राम्रो छ । एक सातामा 'काले केटा'को भिडियोलाई सत्र लाख बढीले हेरेका छन् । कविराज गहतराजको कोरियोग्राफीमा एलेक्स पारस, स्वस्तिमा खड्का, बर्षा राउतले आकर्षक नृत्य गरेका छन् । गीतमा एकनारायण भण्डारीको शब्द रचना र आशिष अविरलको संगीत तथा एरेन्ज छ । स्वर अविरल आफैं र गायिका अस्मिता अधिकारीले दिएका छन् । कृष्ण चौलागाईको निर्देशनमा निर्माण भएको फिल्म भदौ १४ गते रिलिज हुँदैछ ।

आजको विचार...



राजेन्द्र पन्थी

वैकल्पिक...
(दुई पेजमा)



स्टारकास्टका कारण चर्चामा रहेको फिल्म 'कामिनो' निर्माण नहुँदै संकटमा परेको छ । निर्धारित समयमा छायांकन नहुँदा एकपछि अर्को कलाकारले फिल्म छाडिरहेका छन् । सौगात मल्ल, राजबल्लभ कोइराला र नीति शाहपछि वर्षा सिवाकोटीले पनि फिल्म छाडेकी छन् । उनी स्वयंले यसको पुष्टि गरिन् । उनले निर्माण टिमलाई अब काम गर्न नभ्याउने जानकारी गराएकी हुन् । वर्षा बाहिरिएसँगै मुख्य भूमिकामा अनुबन्ध भएका अब अभिनेता प्रदीप खड्का मात्र फिल्ममा बाँकी छन् । उनी पनि फिल्म छाड्ने मनस्थितिमा रहेको स्रोत बताउँछ ।

❒ वर्ष २९ ❒ अंक २१ ❒ २०८० साउन २१ गते आइतबार 6 August 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### बाढीमा परी १० जनाको मृत्यु



रासस/सिन्हुवा

**बेइजिङ,**साउन २० /उत्तरी चीनको हेबेई प्रान्तको एक सहरमा आएको बाढीमा परी कम्तीमा १० जनाको मृत्यु भएको अधिकारीहरूले शनिबार बताएका छन् ।

अधिकारीहरूले बेइजिङबाट करिब १५० किलोमिटर (९० माइल) टाढा रहेको प्रान्तको सबैभन्दा बढी प्रभावित शहर बाओडिङमा मृत्यु हुनेको संख्या कम्तीमा १० रहेको घोषणा गरेका छन् ।

स्थानीय समयअनुसार शनिबार मध्याह्नसम्ममा शहरका छ लाखभन्दा बढी मानिसलाई जोखिममा रहेका स्थानबाट सुरक्षित स्थानमा सारिएको मेयरको कार्यालयले जनाएको छ । हालैका महिनाहरूमा चीन रेकर्ड तोड्ने गर्मीदेखि घातक वर्षासम्मको चरम मौसमी चपेटामा परेको छ । गत महिना प्राकृतिक प्रकोपका कारण १ सय ४७ जनाको मृत्यु वा बेपत्ता भएको चीनले शुक्रबार जनाएको छ । गत शुक्रबार चीनको मुख्य भूमि चीनमा आँधीबेहरीको रूपमा आएको डोक्सुरी आँधीपछि आएको मुसलधारे वर्षा १ सय ४० वर्षयताकै सबैभन्दा भीषण वर्षा भएको मौसमविद्हरूले बताएका छन् । चीनको आपतकालीन व्यवस्थापन मन्त्रालयले जुलाई महिनामा १ सय ४२ जनाको मृत्यु वा वेपत्ता हुनुको कारण बाढी वा भौगर्भिक प्रकोपका कारण भएको जनाएको छ ।

### औषधि व्यवसायी संघ पाल्पाको साधारण सभा

# 'स्वास्थ्य बिमा कार्यक्रममा देखिएको समस्या छिट्टै समाधान हुन्छ'

कृष्ण पोखरेल

**पाल्पा,** साउन २०/प्रतिनिधिसभा सदस्य ठाकुर प्रसाद गैरेले पाल्पाको स्वास्थ्य बिमा कार्यक्रममा देखिएको समस्या छिट्टै समाधान हुने बताएका छन् । उनले स्वास्थ्य बिमा बोर्डसँग पाल्पामा देखिएको समस्याका बारेमा छलफल भइरहेकाले छिट्टै समाधान हुने बताए ।

शनिबार तानसेनमा नेपाल औषधि व्यवसायी संघ पाल्पा शाखाको सातौ साधारण सभालाई सम्बाधेन गर्दै उनले स्वास्थ्य बिमा बोर्डले अस्पतालहरुलाई भुक्तानी नदिएको भन्दै सेवा बन्द गर्न लागेपछि त्यसको समाधानमा आफुहरुले सम्बन्धित निकायसँग छलफल गरेकाले समाधान छिट्टै हुने बताएका हुन् । सांसद गैरेले स्वास्थ्य बिमा उपचार बापत मिसन अस्पतालको बाँकी रकम स्वास्थ्य बिमा बोर्डबाट ढिलोमा असोज मसान्तसम्म भुक्तानी गर्ने, अस्पतालले राखेको औषधि तथा परीक्षणको दररेट भदौसम्म पुनरावलोकन गर्ने बोर्डबाट सहमति भएको समेत बताए । उनले पाल्पाका दुई ठूला अस्पतालप्रति लक्षित गर्दै भने 'राज्यसँग सम्झौता गर्ने, केहि समस्याहरु आयो भन्दैमा बिचमै छोड्छु भनेर सेवा प्रवाह नै रोक्नु गैर जिम्मेवारी काम हो, यसो गर्नु हुँदैन ।' राज्यको नीति नियम कानुन सबैले मान्नु पर्नेमा सांसद गैरेले जोड दिए । उनले भने 'राज्य भन्दा माथि नत सरकार छ, नत संघ संस्था छन् नत कुनै व्यक्ति , त्यसैले राज्यले बनाएको नीति नियम कानुन सबै पक्षले पालना गर्नु पर्छ ।' जनता,




राजनीतिकदल, नागरिक समाज, पत्रकार सबैले मिसन अस्पताललाई स्वास्थ्य बिमा नियमित रुपमा सञ्चालन गर्ने छ भन्ने अपेक्षा गरेको सांसद गैरेले बताए । पाल्पाका सरकारी अस्पताललाई सुविधा सम्पन्न बनाउन, विशेषज्ञ सेवा प्रदान गर्न, अस्पताललाई चाहिने जग्गाको व्यवस्थापनमा जनप्रतिनिधि, जिल्लाका राजनीतिक दलहरु सक्रिय रुपमा लागेको समेत उनले ताए । अर्को प्रतिनिधी सभा सदस्य नारायण प्रसाद आचार्यले सरकार र बिमा बोर्डसँग आफुहरु निरन्तर छलफलमा रहेको बताए । लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले पाल्पाको स्वास्थ्य क्षेत्रको विषयमा आफु संवेदनशील रहेको धारण व्यक्त गरे । उनले जिल्लाको स्वास्थ्य बिमा उपचारमा देखिएको समस्या समाधानमा आफुहरु लागेको बताए । बरिष्ठ मुटु रोग विशेषज्ञ एवं नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोइरालाले अहिले नेपालमा जथाभावी रुपमा एन्टिबाइटिकको प्रयोगले अधिकाश मानिसको स्वास्थ्य अवस्था जटिल बन्दै गएको बताए । उनले औषधी व्यवसायलाई व्यापार भन्दा सेवालाई बढी ध्यान दिन आग्रह गरे । जिल्ला जिल्लामा समितिबाटै अनुगमन समिति बनाउनु पर्ने, चिकित्सकको लेखाई बिना औषधी पसलले तरकारी बेचे जस्तो औषधीहरु बेच्न बन्द गर्नुपर्नेमा डा. कोइरालाको जोड थियो । देशभरीका सरकारी अस्पताल स्वास्थ्य संस्थाको क्षमता विस्तार तथा गुणस्तरीय सेवाको लागि नितिगत रुपमा सम्बोधनका लागि प्रयास भईरहेको डा. कोइरालले बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा रानाले सबैपक्ष राज्यको कानुन अनुसार सञ्चालन हुनुपर्नेमा जोड दिइन् । सबैपक्ष इमान्दार भएर, आफ्नो दायित्व जिम्मेवारी, नैतिकता भित्र रहेर काम गरे कसैले कसैलाई औला ठडाएर कुरा गर्नुपर्ने अवस्था नआउने उनले बताइन् । कार्यक्रममा नेपाल औषधी व्यासायी संघका निवर्तमान केन्द्रीय अध्यक्ष बाबुराम भट्टराई, लुम्बिनी प्रदेशका अध्यक्ष शिव ज्ञवाली, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा लगायतले औषधि व्यवसायीहरुले खेलेको भूमिकाका बारे चर्चा गरे । संघका अध्यक्ष विष्णु केसीको अध्यक्षता, उपाध्यक्ष समिरमान सिंहको स्वागत निवर्तमान अध्यक्ष रामलाल श्रेष्ठको धन्यवाद ज्ञापन र महासचिव सूर्य बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## डा. भगवान कोइराला पाल्पामा पुरस्कृत

### स्वास्थ्यकर्मी शर्माद्वारा एक लाख ५० हजारको अक्षयकोष

**पाल्पा,**साउन २०/वरिष्ठ मुटुरोग विशेषज्ञ तथा नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोइराला जन्मथलो पाल्पामा सम्मानसहित पुरस्कृत भएका छन् । नेपाल औषधि व्यवसायी संघ पाल्पाले सातौं साधारण सभाका अवसरमा 'औषधि व्यवसायी संगम सम्मान तथा पुरस्कार' बाट डा. कोइरालालाई पुरस्कृत गरेको हो ।

स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै संघले डा. कोइरालालाई पुरस्कृत गरिएको जनाएको छ । उनलाई नगद १० हजारसहित पाल्पाली ढाका टोपी र सम्मानपत्रबाट संघीय सांसदद्धय ठाकुर प्रसाद गैरे, नारायण प्रसाद आचार्य, प्रदेश सांसदद्धय वीरबहादुर राना, खेम बहादुर सारु र संघका अध्यक्ष विष्णु केसीले संयुक्त सम्मान गरेका हुन् । नेपालमा ओपन हर्ट सर्जरीको मुख्य श्रेय डा. कोइरालालाई नै जान्छ । पाल्पाको बगनासकाली गाउँपालिका-५,





दर्लमडाँडामा जन्मिएका उनी कार्डियोथोरासिक सर्जन, प्राध्यापक एवं सामाजिक अभियन्ता समेत हुन् । कोइरालाले त्रि वि शिक्षण अस्पतालबाट पेडियात्रिक सर्जरी विशेषज्ञको रूपमा आफ्नो वृति सुरु गरेका थिए । उनी २००१ देखि २००९ सम्म शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रको कार्यकारी निर्देशक तथा कार्डियाक सर्जरीको प्रमुख भए । उनले त्रि वि शिक्षण अस्पतालको कार्यकारी निर्देशकको रूपमा समेत काम गरेका छन् ।

**स्वास्थ्यकर्मी शर्माद्वारा एक लाख ५० हजारको अक्षयकोष**

स्वास्थ्यकर्मी तथा नेपाल औषधि व्यवसायी संघ पाल्पाका पूर्व अध्यक्ष रुक्मागत शर्माले संघमा १ लाख ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका छन् । उनले हरेक वर्ष एक जनालाई 'औषधि व्यवसायी संगम सम्मान तथा पुरस्कार' प्रदान गर्ने गरी अक्षकोष स्थापना गरिदिएका हुन् । यस वर्ष उक्त अक्षयकोषको व्याजबाट डा. भगवान कोइरालालाई सम्मान गरिएको हो ।

पाल्पामा जन्मिएर स्वास्थ्य क्षेत्रमा कम्तिमा २० वर्ष सेवा गरेका स्वास्थ्यकर्मी तथा औषधि व्यवसायीलाई हरेक वर्ष सो पुरस्कार प्रदान गरिने अक्षकोषदाता शर्माले बताए । उनका अनुसार अक्षयकोषको व्याजबाट आउने दश हजारको पुरस्कार दिइने छ । संघले पुरस्कार दाता शर्मालाई सम्मान समेत गरेको छ । उसले दोसल्ला र प्रसंसा पत्रले सम्मान गरेको हो ।

## सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना

पाल्पा उद्योग वाणिज्य संघको सदस्यता लिनु भएका सम्पूर्ण सदस्यहरुलाई आ.व. २०८०/०८१ को आफ्नो सदस्यता नवीकरण यही २०८० आश्विन मसान्त भित्र गर्नु हुन अनुरोध गरिन्छ । सो अवधी पछि नविकरण गर्नको लागि विधान बमोजिम विलम्ब शुल्क रु.२५ लाग्नेछ । २०८० चैत्र मसान्तसम्म पनि सदस्यता नवीकरण नभएमा विधान बमोजिम सदस्यता खारेज हुने व्यहोरा जानकारी गराइन्छ ।

सदस्यता नवीकरण शुल्क तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| साधारण सदस्यको लागि | रु.७७५।- |
| एशोसियट सदस्यको लागि | रु.१४००।- |
| वस्तुगत सदस्यको लागि | रु.१९००।- |

अनुरोधक

पाल्पा उद्योग वाणिज्य संघ

भगवतीस्थान, तानसेन, पाल्पा

सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४

मोवाइल नं. : ९८५७०६८३२५

ईमेल : palpachamber@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सम्बन्ध मजबुत बनोस्

अन्तर्राष्ट्रिय मित्रता दिवस विभिन्न कार्यक्रम गरी विश्वभर मनाइँदै छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रुपमा आधिकारिक रुपमा मान्यता दिए पनि नेपाल लगायत अधिकांस देशहरुले अगस्टको पहिलो आइतबार मनाउने गर्दछन् । आफ्ना हितैषी मित्रहरुसँग एक आपसमा उपहार र शुभकामना आदान–प्रदान गरी आज यो दिवस मनाइँदै छ । मित्र र मित्रताप्रति समर्पित हुने यो दिवस अमेरिकामा सन् १९३५ देखि मनाउन शुरु गरिएको हो तर अहिले आएर यो विश्वभरि नै मनाउने गरिन्छ । पछिल्लो केहि बर्ष यता नेपालमा पनि साथीभाईसँग भेटघाट तथा शुभकामना आदान–प्रदान गर्दै यो दिवस मनाउने क्रम बढ्दै गएको छ । यो अत्यन्त राम्रो परम्परा हो ।

यो दिवसमा विशेषगरी मित्रताको प्रतिक स्वरुप साथीहरुको नाडीमा फ्रेन्डसिप ब्याड बाँधिदिने चलन रहेको छ । यस दिन साथीहरु जमघट भएर पार्टी गर्ने, उपहार आदान–प्रदान गर्ने पनि गरिन्छ । असल साथीको साथ पाउनु राम्रो हो तर, सबै साथी असल हुन्छन् भन्ने हुँदैन । कहिलेकाँही केही यस्ता मित्रहरु पनि भेटिन्छ, जसमा मित्रता भन्दा पनि आफ्नो स्वार्थलाई मात्रै ध्यान दिन्छन् । यस्ता मित्रहरुबाट भने टाढै रहनुपर्छ । साथीहरुसँग सम्बन्ध मजबुद बनाउनु र मानसिक तनावबाट छुटकारा पाउनु यो दिवसको प्रमुख उद्देश्य हो । साथी भनेको आफ्नो हरेक दुख र सुखंमा साथ दिने व्यक्ति हो । दुरीका हिसावले टाढा रहेका र साथीको सम्झनामा यो दिवस अत्यन्त महत्वपूर्ण हुन्छ । अहिलेको व्यस्त जीवनमा मानसिक तनाव र समस्याबाट छुटकारा पाउनका लागि पनि मित्रताले औषधिको काम गर्दछ । घरपरिवारको माया नपाउँदा र एक्लो हुँदा धैरै पीर परेर हुने खालका मानसिक समस्या मिल्ने साथी पाएपछि कम हुन्छन् । नेपालमा यो विषयमा व्यवस्थित अध्ययन नभए ता पनि यस्ता किसिमका धैरै घटना समाचारमा आएका हुन्छन् । यसर्थ मित्रहरुबिचको सम्बन्धलाई मजबुत बनाउन र असल मित्रहरुको खोजी गर्न यो दिवस सार्थक बनोस् । मित्रता दिवसको सबैमा शुभकामना !

## Opinion @ Social Network

दयालु बन् कमजोर होइन, असल बन् अहंकारी होइन ।
*(उमा भण्डारीको फेसबुक स्टाटस https://www.facebook.com/Nightingale103)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैकल्पिक राजनीति र आशाको त्यान्द्रो



**राजेन्द्र पन्थी**

**राजनीतिक अस्थिरता र जिम्मेवारविहीन नेतृत्वले गर्दा अहिले देशका सम्पूर्ण संयन्त्रहरू काम नलाग्ने भुत्ते अवस्थामा पुगेका देखिन्छन् । यी सबै संयन्त्रलाई नसच्याएसम्म मुलुकले सही गोरेटो पहिल्याउन सक्दैन । मूलमा नै फोहरको डङ्गुर थुप्रिएको छ,त्यसलाई हुत्याउनु पर्छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, कर्मचारी प्रशासनमा सुशासन, इमानदारी, कर्तव्यबोध र जवाफदेही भन्ने नै छैन । केबल भ्रष्टाचार र अनियमितताको खेल मात्र हुने गरेको देखिन्छ । देश र जनताका बारेमा न नेताले सोच्छ न कर्मचारीले सोच्छ । राजनीति भनेको केबल सत्ता र चुनावदेखि चुनावसम्म मात्रको खेल भएको देखिन्छ । गणतन्त्र र संघीयताको नाममा एउटा राजा हटाएर हजारौं राजा बनाइए । गाउँगाउँमा सिंहदरबार बनाउने भनेर झन् न्यायनिसाफ बिनाका राजदरबार बनाइए । विकासका नाममा डोजरे विकास र भ्युटावर बनाइए । देशको सम्पत्तिलाई नीतिगत रुपमै अनियमितता र भ्रष्टाचार गरी लुटेर र खोक्रो बनाइएको छ । अहिले त हुँदाहुँदा राज्यबाट नै देशलाई मानव बेचबिखन र तस्करका काण्डैकाण्डको अखडा बनाइएको छ । देशका कुनै पनि आर्थिक सूचकहरू सकारात्मक छैनन् । मूलधारका राजनीतिक दलका नेतृत्वहरू पूर्ण रुपमा असफल र अयोग्य प्रमाणित भएका छन् । उनीहरू अझै पनि जनतालाई झुक्याउने र कुम्ल्याउने दाउमा नै रहेका भने देखिन्छन् ।**

नेपालको राजनीतिक परिवर्तनको लागि इतिहासमा थुप्रै आन्दोलनहरू भए । देश जोगाउन र बचाउन धेरै मानिसहरू शहीद भए । जनताको आन्दोलनकै कारण पटकपटक व्यवस्था नै परिवर्तन पनि गरिए, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र आयो तर जनताको अवस्थामा उल्लेखनीय परिवर्तन आउन सकेन । नेपाली जनतालाई उनै पुरानै समस्याले छोडेको छैन । अस्ति र हिजो आर्थिक वा सामाजिक वा यस्तै किसिमका जेजे समस्याहरू थिए आज पनि ती यथावत् नै छन् । आजको २१ औं शताब्दीमा आइपुग्दा विश्वका कतिपय देशहरू कहाँबाट कहाँ आइपुगे । नेपाल भने जहिले पनि राजनीतिक अस्थिरताको फलामे साङ्लोमा फसिरहेको छ ।

नेपाली जनताको जीवनस्तर समयको परिवर्तनसँगै बढ्ला भन्दा झन् घट्दो छ । नेपाली जनताहरूलाई जहिले पनि आधारभूत आवश्यकताहरू गाँस,बास,कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारकै अभाव र चिन्ता छ । समयक्रममा राजनीतिले निकास पाउनै नसक्दा देशले विकास पाउन सकेको छैन । देशको विकास हुन नसक्नुको मूल समस्या नै राजनीतिक अस्थिरता नै देखिन्छ । राजनीतिले निकास र देशले विकास हुन नपाउनु भनेकै राजनीतिक नेतृत्वको असक्षममता, भ्रष्टाचार र बेइमानी नै हो। राजनीतिक नेतृत्व सदा सत्ताको दाउपेचमा नै लम्पट भएको छ । उनीहरूलाई देश र जनताका बारेमा सोच्ने फुर्सद नै छैन । आफ्ना युवा जनशक्तिलाई बाहिर पठाएर उनीहरूले पठाएको रेमिटान्सबाट देश चलाएका छन् । देशको करिब एक तिहाई जनसंख्या विदेशीएको छ । कृषिप्रधान देश भनेर चिनिएको नेपालका जग्गाजमीन र खेतबारीहरू बाँझिएका छन् । कतिसम्म लाजमर्दो अवस्था छ भने अर्बौं खर्चेर टुथ पिक र सिन्कीसमेत देशले आयात गर्नुपरेको देखिन्छ । युवाशक्ति विदेशीएको छ । उत्पादन छैन,रोजगार छैन,निर्यात छैन,अनि देश कसरी चल्छ ? यो अहिले देशको अगाडि ठूलो प्रश्नचिन्ह खडा भएको छ । राजनीतिक अस्थिरता र जिम्मेवारविहीन नेतृत्वले गर्दा अहिले देशका सम्पूर्ण संयन्त्रहरू काम नलाग्ने भुत्ते अवस्थामा पुगेका देखिन्छन् । यी सबै संयन्त्रलाई नसच्याएसम्म मुलुकले सही गोरेटो पहिल्याउन सक्दैन । मूलमा नै फोहरको डङ्गुर थुप्रिएको छ,त्यसलाई हुत्याउनु पर्छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, कर्मचारी प्रशासनमा सुशासन, इमानदारी, कर्तव्यबोध र जवाफदेही भन्ने नै छैन । केबल भ्रष्टाचार र अनियमितताको खेल मात्र हुने गरेको देखिन्छ । देश र जनताका बारेमा न नेताले सोच्छ न कर्मचारीले सोच्छ । राजनीति भनेको केबल सत्ता र चुनावदेखि चुनावसम्म मात्रको खेल भएको देखिन्छ । गणतन्त्र र संघीयताको नाममा एउटा राजा हटाएर हजारौं राजा बनाइए । गाउँगाउँमा सिंहदरबार बनाउने भनेर झन् न्यायनिसाफ बिनाका राजदरबार बनाइए । विकासका नाममा डोजरे विकास र भ्युटावर बनाइए । देशको सम्पत्तिलाई नीतिगत रुपमै अनियमितता र भ्रष्टाचार गरी लुटेर र खोक्रो बनाइएको छ । अहिले त हुँदाहुँदा राज्यबाट नै देशलाई मानव बेचबिखन र तस्करका काण्डैकाण्डको अखडा बनाइएको छ । देशका कुनै पनि आर्थिक सूचकहरू सकारात्मक छैनन् । मूलधारका राजनीतिक दलका नेतृत्वहरू पूर्ण रुपमा असफल र अयोग्य प्रमाणित भएका छन् । उनीहरू अझै पनि जनतालाई झुक्याउने र कुम्ल्याउने दाउमा नै रहेका भने देखिन्छन् । बाहिर एक आपसमा गाली गरेको नाटक गर्दै सत्तालाई बाँडिचुडी र खाने प्रयत्नमा लागिरहेकै छन् । उनीहरूको राजनीति र सोच भनेको सत्तालाई कसरी टिकाउने र देशको सम्पत्ति कसरी लुट्ने भन्ने मात्रै भएको देखिन्छ । यस्तो अवस्थामा नेपाली जनताहरू अत्यन्तै सचेत र सजग हुनुपर्ने देखिन्छ । आज प्रजातन्त्र पुन:बहाली भएको चौतीस वर्ष बितेको छ । तर जनताको जीवनस्तर र भौतिक पूर्वाधारमा खासै परिवर्तन हुन सकेको छैन । देशलाई उठ्न नसक्ने तरिकाले भड्खालोमा जाक्ने काम गरिँदैछ । राजनीतिक दलहरू बारम्बार पुरानै र फोहरी खेलमा रमाइरहेका छन् । दलहरूका बीचमा कुनै दिन पनि जनताका समस्याका बारेमा छलफल, बहस, चिन्ता, योजना भए भनेर सुनिँदैन । प्रजातन्त्र, लोकतन्त्र, संघीयता, सुशासन, कानूनी राज्य, मानव अधिकार, समानता आदि विषयहरू संविधानका पानामा मात्र सीमित भएका छन् । राज्यसत्ताले संविधान र कानूनी राज्य सञ्चालन गर्न सकेको छैन । नेपालका दलहरूले अझै पनि नेपाललाई एउटा अस्थिर राजनीतिको केन्द्र र असफल राष्ट्र बनाउन प्रयत्न गरिरहेकै छन् । राजनीतिक नेतृत्वमा इच्छा शक्ति हुने हो भने एक दशकमा नै उथलपुथल भई विकासको चुचुरोमा पुगेका देशहरू थुप्रै छन् । नेपाल विकास गर्न खोज्दाखोज्दै कुनै प्राकृतिक विपत्ति वा युद्धका कारण विकसित हुन नसकेको देश होइन,यो त विकास गर्नै नखोजेर देशका बारेमा चिन्ता र चिन्तन नै नभएर अविकसित बनाइएको देश हो । देशलाई केही सीमित व्यक्तिले आफ्नो मुट्ठीभित्रको माखो जस्तो बनाएका छन् । विगत तीन दशकदेखि नै सीमित व्यक्तिको मुट्ठीभित्र देश फसेको छ । राज्यका सम्पूर्ण संयन्त्रहरूमा ती सीमित व्यक्तिहरूले भ्रष्टाचारको बलियो जालो तोड्न नसक्ने गरी फैलाएका छन् । राज्य संयन्त्रलाई आफ्नो कमाउने धन्दाको नेटवर्क बनाएका छन् । राज्यसत्ता गोलो घेराको खेल जस्तो भएको देखिन्छ । राजनीतिक र प्रशासनिक नेतृत्वले सत्ता र प्रशासनलाई आफ्नो पैत्रिक सम्पत्ति जस्तो ठानी अरु कसैलाई छिर्न वा पर्न नदिने दाउमा लागिरहेका हुन्छन् । विभिन्न राजनीतिक दलहरूले आफ्ना नाम जेसुकै राखे पनि दलीय चिन्तन,वाद, सिद्धान्त भनेको जसरी पनि सत्तामा पुग्नु नै भन्ने देखिन्छ । राजनीतिक दल र नेतृत्वमा दृढ इच्छाशक्ति र देश बनाउने सपना नहुनाले नै आज देश यति धेरै पछाडि परेको हो । कतिपय राजनीतिक दलहरू त व्यक्तिका निजी कम्पनी जस्ता बनेका छन्,जहाँ नेतृत्वको टीके प्रणालीबाट दलहरू चलेका देखिन्छन् । दलहरूमा कत्ति पनि आन्तरिक लोकतन्त्रको अभ्यास र प्रयोग भन्ने छैन । देशलाई नै लुटी सिद्धान्त र निष्ठा बिनाका झोले र टीके कार्यकर्ता पालेर दल चलाइएको देखिन्छ । अहिले नेपाली जनताहरू अभिभावकविहीन र सहाराविहीन हुनुपरेको छ । नेपाली जनतामा चरम निराशा देखिन्छ । जनताहरू यी नेतृत्वको व्यवहार देखेर वाक्क, दिक्क र खिन्न छन् । यस बेलामा नेपाली जनताहरूले पुन: एकपटक राम्रै सोच्ने बेला आएको पनि देखिन्छ । देशमा जरा गाडेर बसेको यो नेतृत्व र विकृतिका विरुद्धमा आलोचना, विरोध, बहिष्कार र आक्रोशका ज्वाराभाटाहरू दन्काउनु पर्ने नै देखिन्छ । अब चुप्प लागेर सच्चिन्छन् कि भन्ने दिन गए । बरु गधालाई धोएर गाई बन्ला तर यी नेतृत्वलाई जति गाली गरे पनि सच्च्याउँछु भने पनि कहिल्यै सुनिवाला र सच्चिनेवाला छैनन् । नेपाली जनताहरूले धेरै वर्ष पर्ख र हेरे तर परिणाम केही आउन सकेन बरु झन् बर्बादीको बाटोतिर धकेलिन लागेको पो देखिन्छ । अब पनि यिनैलाई हेरेर गर्लान् कि भनेर बस्ने बेला नै छैन । यी राजनीतिक दलहरूको विकल्प खोज्ने बेला आएको छ, अब समयले पर्खिने छैन । अब पनि पर्खिन खोज्यौं र अल्मलियौं भने देश नै नरहन सक्छ । अब ढिलो भयो, विकल्प खोजौं र नयाँ बाटोमा हिडौं । यो संसारमा हरेक कुराको विकल्प छ । अबको समयमा पनि यो नै अन्त्य हो, यो भन्दा अरु केही हुन सक्दैन भन्नु गलत हो । व्यक्तिको विकल्प व्यक्ति र दलको विकल्प दल नै हुन सक्छ । विकल्प नै नसोची निराश भएरै बस्ने हो भने देशले कहिल्यै पनि राजनीतिक निकास र विकास पाउन सक्दैन । दल सच्चाउने वा सच्चिने भन्दा पनि अब जनता नै सच्चिनु पर्ने देखिन्छ । कसैको पुच्छर वा झोले बनेर हो मा हो थप्नु हुँदैन । सही र गलतका आधारमा आलोचना र विरोध गर्नुपर्छ । आँखा चिम्लेर यो मेरो दलको मान्छे भनेर मत खसाल्ने परम्परालाई अन्त्य गरिनुपर्छ । राजनीतिलाई पेशा वा व्यवसाय बनाउनु हुँदैन । गएको निर्वाचनको बेलामा आएको एउटा लहर वा नारा नो नट अगेनलाई सार्थक बनाउनु पर्छ । पुराना दलका शीर्षस्थ नेतृत्व पङ्तिलाई सदाका लागि बिदा गर्नुपर्छ । अहिले नेपाली राजनीतिमा देखा परेका वैकल्पिक दल वा मूलधारको राजनीति भित्रको पुस्तान्तरण र रुपान्तरण मुद्दा उठाउँदै नेतृत्वको विकल्पका रुपमा आउन खोजेका नयाँ युवाशक्तिलाई आशाको त्यान्द्रोको रुपमा लिइ साथ र समर्थन गरिनु नै अहिलेको प्रमुख विकल्प देखिन्छ । **-हाम्राकुरा डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **तुला** : आज अनावश्यक यात्रा र वैदेशिक क्षेत्र कमजोर रहनेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **वृश्चिक** : आज नयाँ कार्यको योजना बन्नेछ । आत्मबल पनि बढ्नेछ । |
| **मिथुन** : स्वादिष्ट भोजन पाइनेछ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । | **धनु** : आज पुरानो समस्या सुल्झाउन सकिनेछ । मनमा उत्साह हुनेछ । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला । | **मकर** : अतिथिको आगमन हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ कामको थालनी हुनेछ । | **कुम्भ** : आज कार्यमा बाधा आउनेछ । सरकारी निकायको भय रहला । |
| **कन्या** : कीर्तिमानी काम गर्ने समय छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : प्रेममा सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |

# कृषि

## कृषिउपजलाई कसरी बनाउने मूल्यवान् ?

नेपाल कृषि प्रधान देश हो । करिब ७५ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुनाले उनीहरू कृषि र पशुपालनमा निर्भर छन् । फलफूल, तरकारी, अनाज, दुध, मासु र अन्डा आदिको उत्पादन उनीहरूको आम्दानीको प्रमुख स्रोत हो । पछिल्लो केही वर्षदेखि हाम्रो देशमा पशुजन्य उत्पादनमा निरन्तर वृद्धि भइरहेको छ । दुध, मासु र अन्डा जस्ता उत्पादन उच्च पौष्टिक खाद्य पदार्थ हुन् । जसबाट हामीले शरीर र मस्तिष्कको समग्र विकासका लागि आवश्यक पर्ने उच्च गुणस्तरको प्रोटिन, ऊर्जा बढाउने बोसो र सन्तुलित मात्रामा खनिज लवण पाउँछौं तर प्राकृतिक रूपमा यी उत्पादनहरू कोठाको तापक्रममा नाश हुने भएकाले छिट्टै राम्रोसँग प्रशोधन गर्नु अत्यन्त आवश्यक छ ।



**समय परिवर्तनसँगै प्रविधिमा आधुनिकता पनि बढ्दै गएको छ । सोही अनुसार प्रशोधनका क्षेत्रमा पनि नवीन प्रकारका आविष्कार भइरहेका छन् । कृषकले उत्पादन गरेको दुधबाट विभिन्न उत्पादन भइरहेका छन् । जस्तै कन्डेन्स्ड मिल्क प्रोडक्ट, तातो र एसिड प्रक्षेपित उत्पादन, उच्च फ्याट उत्पादन, फ्रोजन उत्पादन आदि ।**

**प्रशोधन :** उत्पादनलाई मानव र जनावरको प्रयोगका लागि आधुनिक प्रविधि र वैज्ञानिक ज्ञानको सहायताले प्राकृतिक रूपबाट थप उपयोगी स्वरूपमा रूपान्तरण गर्नु प्रशोधन हो । उत्पादनमा गुणस्तर र पोषक तत्व बढाएर एक रूपबाट अर्को रूपमा परिवर्तन गरी मूल्य अभिवृद्धि गर्नु प्रशोधन हो । खाद्यान्नलाई घाममा सुकाउने, सरसफाइ गरेर शीतल ठाउँमा भण्डारण गर्ने जस्ता प्रशोधन घरेलु विधि हुन् । समय परिवर्तनसँगै प्रविधिमा आधुनिकता पनि बढ्दै गएको छ । सोही अनुसार प्रशोधनका क्षेत्रमा पनि नवीन प्रकारका आविष्कार भइरहेका छन् । कृषकले उत्पादन गरेको दुधबाट विभिन्न उत्पादन भइरहेका छन् । जस्तै कन्डेन्स्ड मिल्क प्रोडक्ट, तातो र एसिड प्रक्षेपित उत्पादन, उच्च फ्याट उत्पादन, फ्रोजन उत्पादन आदि । अत्यन्त व्यस्त जीवनशैलीमा प्रशोधित खाद्य पदार्थको माग बढ्दै गएको छ । तर हाम्रो देशमा मात्रै १५-२० प्रतिशत उत्पादनलाई सङ्गठित खाद्य उत्पादन प्लान्टमा प्रशोधन गरिन्छ । तर विकसित देशहरूले कृषि उत्पादनको ९० देखि ९२ प्रतिशत उत्पादन प्रशोधन गर्ने गरेको पाइन्छ । त्यसरी उत्पादन प्रशोधन गरेपछि अतिरिक्त मूल्य अभिवृद्धि हुन्छ । प्रशोधनकै कारण हामीले विदेशबाट प्रशोधित खाद्यवस्तु आयात गर्नुपर्ने बाध्यता छ । यसको एउटा मुख्य कारण ग्रामीण क्षेत्रका अधिकांश सीमान्तकृत पशुपालक किसान छन् । उनीहरूले कोल्ड चेन र आधुनिक उपकरणको लागत धान्न सक्दैनन् । सरकारले खाद्य प्रशोधनका लागि राष्ट्रिय खाद्य प्रशोधन नीति, प्रधानमन्त्री कृषि यान्त्रीकरण व्यवस्थापन जस्ता योजना पनि सुरु गरेको छ । यसको उद्देश्य किसानलाई सशक्तीकरण गरी स्रोतसाधनको आधुनिकीकरण गरी आय वृद्धि गर्ने भन्ने छ । तर त्यसको प्रभावकारी कार्यान्वय हुन सकेको छैन ।

**कृषिउपज प्रशोधन र मूल्य अभिवृद्धिको आवश्यकता**

**पोषणमा वृद्धि :** कृषिउपजलाई कसरी बनाउने मूल्यवान् ?प्राथमिक खाद्य पदार्थहरूलाई प्रशोधनका माध्यमबाट अत्यधिक उपयोगी, संरक्षित, पौष्टिक, स्वादिष्ट र लामो समयसम्म नबिग्रिने खाद्यपदार्थमा परिणत गर्न सकिन्छ ।

**हानिकारक तत्वबाट सुरक्षा :** दुध, मासु, सी फुड जस्ता खाद्यवस्तुमा कैयौं प्रकारका हानिकारक कीटाणु र विषाक्त तत्त्वहरू उत्पन्न हुने भएकाले प्रशोधनको सहायताले यी हानिकारक तत्वहरूलाई नष्ट गरी खाद्य वस्तुहरू भौतिक, रासायनिक र जैविक रूपमा नष्ट हुनबाट बचाउन सकिन्छ ।

**रोजगारी सिर्जना :** बदलिँदो जीवनशैली र सहरीकरणको वृद्धिका कारण भारतमा पनि स्वादिष्ट र पौष्टिक खानाको माग निरन्तर बढ्दै गएको हुनाले खाद्य प्रशोधन उद्योगले देशका बेरोजगार जनसङ्ख्यालाई ठुलो परिमाणमा बजार उपलब्ध गराई रोजगारीका अनेकन अभिनव माध्यमहरू सिर्जना गर्दै आर्थिक सशक्तीकरणमा अभिवृद्धि गरिरहेको छ ।

**निरन्तर र कुशल आपूर्ति :** नेपालमा ढुवानी लागत, गोदामको अभाव र बालीको मूल्यको अनिश्चितता जस्ता कारणले बर्सेनि करिब एक चौथाइ कृषि उत्पादन र पशुजन्य उत्पादन नष्ट हुने गरेको छ । यसका लागि खाद्य प्रशोधन उद्योगको ठुलो आवश्यकता छ । मुलुकमा निरन्तर र प्रभावकारी आपूर्ति शृङ्खला र पूर्वाधारको विकास हुने र त्यसको सहयोगले कृषि उत्पादनको उचित मूल्य बचाउने मात्रै होइन, यसबाट बहुमूल्य उत्पादन नष्ट हुनबाट समेत बचाउँछ । किसानले पनि आफ्नो मेहनत र श्रमको उचित मूल्य पनि पाउने छन् ।

**विविधता प्रवर्द्धन :** नेपालमा ठाउँ अनुसार विभिन्न किसिमका संस्कृति, जल, हावा र खानपानका संस्कृति पाइन्छ । त्यसैले भौगोलिक बनावट र हावापानी अनुसार बाली तथा खाद्यवस्तुको विविधता पाइन्छ । त्यसैले यहाँ परम्परागत खाद्य विविधतालाई प्रशोधन गरी उच्चस्तरमा प्रवर्द्धन गरी गुणस्तरीय बनाउन सकिन्छ ।

**अर्थतन्त्रमा वृद्धि :** नेपालमा आधुनिक विकाससँगै प्रशोधित खाद्यवस्तुको माग पनि निरन्तर बढ्दै गएको छ । विदेशबाट ठुलो मात्रामा प्रशोधित वस्तु आयात गर्नुपर्ने बाध्यता बनेको छ । तर मुलुकमा सङ्गठित प्लान्टको पूर्वाधार स्थापना गरी खाद्यपदार्थको प्रशोधन सहज रूपमा गर्न सके विदेशबाट आयात हुने वस्तुको ढुवानी खर्च बचत गर्न सकिन्छ । फलफूल, तरकारीजन्य उत्पादनलगायत स्वदेशी प्रशोधनजन्य उत्पादनमा समेत बचत हुने छ । यसले गर्दा देशको समग्र अर्थतन्त्रमा सुधार आउने छ ।

**प्रशोधन क्षेत्रमा अवरोध र त्यसको रोकथाम**

**प्रशोधन उपकरणको उच्च लागत** देशका अधिकांश कृषक मध्यम वर्गीय रहेकाले प्रशोधनमा प्रयोग हुने आवश्यक पूर्वाधार र स्तरीय प्राविधिक उपकरणको लागत धान्न नसक्ने अवस्थाका छन् । यसका लागि सरकारी तथा गैरसरकारी सैसंस्थाले कृषि क्षेत्रमा महत्त्वपूर्ण योजना लागु गरी किसानको आम्दानीमा वृद्धि गर्न आवश्यक छ । यसले किसानलाई आर्थिक रूपमा सशक्तीकरण गर्दै देशको आर्थिक सुरक्षा पनि सुनिश्चित गर्छ ।

**अपर्याप्त उत्पादन भण्डार :** उत्पादनको तुलनामा शीतभण्डार र गोदामको सङ्ख्या र क्षमता अपुग छ । यही कारण बर्सेनि ठुलो परिमाणमा खाद्यान्न नष्ट हुने गरेको छ । यो समस्या समाधान गर्न केन्द्र र प्रदेश सरकारले सकारात्मक पहल गरेर खाद्यान्नको क्षयलाई न्यूनीकरण गर्न शीतभण्डार गृह निर्माण गरी उत्पादनको संरक्षण गर्नु आवश्यक छ ।

**यातायातको समस्या :** ग्रामीण क्षेत्रमा सडक यातायातको अभाव छ । भएका सडकमा पनि ढुवानी खर्च अत्यधिक भएकाले किसानले प्राथमिक उत्पादनलाई उपयुक्त बजारसम्म पुर्‍याउन सकेका छैनन् । उनीहरूले आफ्नो उत्पादनलाई ताजा रूपमा ग्रामीण बजारमा मात्रै बिक्री गर्ने गरेका छन् । उनीहरूको उत्पादनलाई सरकारी संस्था र धनी लगानीकर्ताले विभिन्न किसिमका साना तथा ठुला उत्पादनका सवारीसाधनलाई न्यूनतम ढुवानी खर्चको निर्धारण गर्नुपर्छ । यो व्यवस्थाले ग्रामीण क्षेत्रका प्राथमिक उत्पादनको व्यवस्थित रूपमा ढुवानी गर्न सकिन्छ । अनि मात्र कृषकले सहज रूपमा प्रशोधन प्लान्ट र मण्डीहरूमा पुर्याउन सक्छन् । जसले गर्दा श्रमको उचित मूल्य पनि पाउन सक्छन् ।

**प्रशोधन चेतनाको कमी :** ग्रामीण क्षेत्रका अधिकांश उत्पादकमा प्रशोधन सम्बन्धी चेतनाको अभाव छ । यही कारण किसान र बजार व्यवस्थापकबीचको सञ्चार र समन्वयको अभाव भएको हो । त्यसैले गर्दा किसान बिचौलियामा निर्भर रहन्छन् । किसानबाट बिचौलियाले नाफाको ठुलो हिस्सा आफैं राख्छन् । तर किसानले उत्पादनको उचित मूल्य पाउँदैनन् । त्यसैले किसानले उचित मूल्य पाउने गरी राज्यले व्यवस्थापन गर्नु पर्छ ।

**निष्कर्ष :** शरीरिक विकासका लागि पौष्टिक तत्त्वको ठुलो भूमिका हुन्छ । जुन सन्तुलित आहारबाट प्राप्त हुन्छ । प्राथमिक बाली, फलफूल, तरकारी तथा पशुजन्य उत्पादनमा पोषक तत्त्वहरू राम्रो मात्रामा पाइन्छ । तर ताजा र अप्रशोधित सेवनले गर्दा त्यसमा पाइने पोषक तत्त्व र खनिज लवणको पूर्ण लाभ शरीरले पाउँदैन । त्यसैले उत्पादनलाई प्रशोधन गरेर यसमा पाइने पोषक तत्त्वहरूलाई अत्यधिक सक्रिय र पौष्टिक बनाउन सकिन्छ । प्रशोधित उत्पादनहरूले बढ्दो जनसङ्ख्याका लागि खाद्य सुरक्षामा अभिवृद्धि गर्ने छ । यसले अहिलेको व्यस्त जीवनशैली र तनावपूर्ण दिनचर्यामा सन्तुलित आहारको पूरक बनाउन मद्दत गर्छ । यस्ता उत्पादनले शरीरको प्रतिरक्षा बढाउने, मधुमेह, फदयघात, पक्षाघात जस्ता गम्भीर रोग रोक्नसमेत मद्दत गर्छ । खाद्यान्न प्रशोधन उद्योगले कृषकको मेहनतको उच्चतम मूल्य उपलब्ध गराउँछ । यसले किसानको आम्दानी बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने र विदेशी वस्तुको आयातलाई न्यूनीकरण गर्छ । जसबाट स्वदेशी उत्पादनको निर्यात बढाएर समग्र देशलाई आर्थिक र पोषण सुरक्षा प्रदान गर्छ ।

**-रातोपाटी डटकम**

## किसानलाई पाडापाडी हुर्काउन १६ लाख र दूधमा ३६ लाख अनुदान



भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जिल्लाका किसानलाई पाडापाडी हुर्काउन रु १६ लाख अनुदान उपलब्ध गराएको छ । केन्द्रले गत आर्थिक वर्ष २०७९/८० मा उन्नत जातका भैंसीका पाडापाडी हुर्काउन रु १६ लाख अनुदान उपलब्ध गराएको हो ।

गत आवमा एक सय ६० किसानलाई जनही रु १० हजारका दरले अनुदान वितरण गरिएको केन्द्र प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिए । श्रेष्ठले भने, 'पाडापाडी हुर्काउने कार्यक्रमअन्तर्गत किसानसँग आवेदन माग गरेको केही दिनमै अत्यधिक आवेदन आएको थियो, सबैलाई दिन सकेनौं । केहीलाई मात्रै दिएका छौं, बाँकी आवेदकलाई चालु आवमा दिन्छौं ।' गत वर्षको मागका आधारमा चालु आवमा पाँच सय पाडापाडी हुर्काउनका लागि अनुदान दिने व्यवस्था मिलाइने श्रेष्ठको भनाइ छ । डा.श्रेष्ठका अनुसार जन्मिएको दर्ता गरी हुर्किएको देखाएपछि कृषकले अनुदान पाउने व्यवस्था गरिएको छ ।

गण्डकी प्रदेश सरकारले उन्नत जातका भैंसी तथा गाईमा आत्मनिर्भर बन्न पाडापाडी तथा बाच्छाबाच्छी संरक्षण गर्ने कार्यक्रम अगाडि बढाएको थियो । गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा अनुदानको व्यवस्था गरिएको केन्द्रको भनाइ छ । हामीकहाँ मुर्रा जनाका भैंसी र जर्सी गाई भारतबाट आयात गर्नुपर्ने बाध्यता छ । केन्द्रका प्रमुख डा.श्रेष्ठले भने, 'अनुदान पाएपछि किसानले हुर्काउँछन्, यसले दीर्घकालीन रूपमा परनिर्भरता हटाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।' यसैगरी कार्यालयले दूध उत्पादनका आधारमा कृषकलाई अनुदान रकम वितरण गरेको छ । गत आवमा केन्द्रले किसानलाई रु ३६ लाख वितरण गरेको थियो । केन्द्रले आठ सहकारी संस्थामार्फत किसानलाई अनुदान वितरण गरेको हो । प्रतिलिटर रु दुई दशमलव ४५ का दरले अनुदान वितरण गरिएको डा.श्रेष्ठले बताए ।

व्यास नगरपालिका-१० स्थित दुम्सी दुग्ध उत्पादक सहकारी, शेवर दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१३ स्थित बेलवास दुग्ध उत्पादक सहकारी, भानु नगरपालिका-४ स्थित प्रगति दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१ स्थित चारकुने दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-५ स्थित चिन्तुटार दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१३ स्थित पोखरीभञ्ज्याङ दुग्ध उत्पादक सहकारी र बन्दीपुर गाउँपालिका-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामार्फत अनुदान वितरण गरिएको हो ।

अनुदानले किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएको र जिल्ला दूधमा आत्मनिर्भर बन्न सहयोग पुगेको उनको भनाइ छ । डा.श्रेष्ठले भने, 'उत्पादनका आधारमा अनुदान दिँदा कृषकमा हौसला बढेको छ । पहिला कम उत्पादन गर्नेले अहिले धेरै उत्पादन गर्न थाल्नुभएको छ ।' बन्दीपुर गाउँपालिका-१ का कृषक भोजनाथ पराजुलीले प्रदेश सरकार, स्थानीय सरकारमार्फत दुधमा अनुदान पाउँदा पशुपालन गर्न हौसला मिलेको बताए । उनले भने, 'उत्पादनका आधारमा अनुदान पाउँदा व्यवसायमा लगानी थप्न सहयोग मिलेको छ ।' कार्यालय तथा सरोकारवाला निकायले पशुपालनमा अनुदानको व्यवस्था गरेपछि पछिल्लो केही वर्ष यता तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर बनेको छ । प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा तनहुँमा ११८ दशमलव ५४ लिटर उपलब्धता छ । त्यस्तै प्रतिव्यक्ति प्रतिवर्ष ९४ केजी मासु आवश्यक पर्नेमा ९४ दशमलव ४१ केजी मासु उपलब्धता छ ।

साथै ४८ गोटा अण्डा आवश्यक पर्नेमा ८२ दशमलव ५९ गोटा अण्डा उपलब्धता छ । यो हिसाबले प्रति व्यक्तिका लागि दूधमा २७ दशमलव ५४ लिटर, मासुमा शून्य दशलमव ४९ केजी र अण्डामा ३४ दशमलव ५९ गोटा बढी उत्पादन भइरहेको कार्यालयले जनाएको छ ।

**-रासस**

## चौध करोडभन्दा बढीको बन्दागोभी



कोशी प्रदेशका पहाडी जिल्लामा उत्पादन हुने बन्दागोभी गत आर्थिक वर्षमा विराटनगर र मेची भन्सार हुँदै रु १४ करोडभन्दा बढीको निर्यात भएको भन्सार विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी पुण्यविकास अधिकारीका अनुसार आव २०७९/८० मा यी दुई भन्सारबाट रु १४ करोड ४३ लाख तीन हजार चार सय ७० मूल्य बराबरको बन्दागोभी निर्यात भएको हो । उनले पूर्वी नाका काँकरभिट्टाबाट रु सात करोड ४३ लाख तीन हजार चार सय ७० मूल्य बराबरको ७६ लाख ३९ हजार १३ केजी बन्दागोभी निर्यात भएको जानकारी दिए ।

विराटनगर भन्सार हुँदै एक वर्षको अवधिमा रु छ करोड ५६ लाख ९२ हजार आठ सय मूल्य बराबरको ४५ लाख ६२ हजार केजी बन्दागोभी निर्यात भएको उनको भनाइ छ । कोशीका धनकुट्टा, तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ जिल्लामा बन्दागोभीको व्यावसायिक खेती हुने गरेको छ ।

अघिल्लो आवको नौ महिनामा मात्र पूर्वी नाका काँकरभिट्टाबाट रु १७ करोड बढीको बन्दागोभी निर्यात भएको थियो । जसको तुलनामा गत आर्थिक वर्षमा यसको निर्यात आधाभन्दा बढी घटेको तथ्याङ्कले देखाउँछ ।

**-हाम्राकुरा डटकम**

# आज अन्तर्राष्ट्रिय मित्रता दिवस मनाइँदै




**पाल्पा,** साउन २०/आज अन्तर्राष्ट्रिय मित्रता दिवस विश्वभरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रूपमा आधिकारिक रूपमा मान्यता दिएको थियो । नेपाल लगायत अधिकांस देशहरुले अगस्टको पहिलो आइतबार यो दिवस मनाउने गर्दछन् ।

मित्रता दिवस अर्थात् फ्रेन्डशिप डे हलमार्क कार्डसका संस्थापक जोयस हलले शुरू गरेका हुन् । उनले नै पहिलो पटक सन् १९३० को अगस्ट २ मा फ्रेन्डशिप डे मनाउने आइडिया निकालेका थिए, तर ग्रीटिङ कार्डस इन्डस्ट्रीले व्यापारिक फाइदाका लागि यो अवधारणा ल्याएको भनेर आलोचना पनि गरिएको थियो । सन् १९५८ को ३० जुलाईमा उरुग्वेमा संसारको पहिलोपटक मित्रता दिवस मनाइएको थियो ।

वर्ल्ड फ्रेन्डशिप क्रुसेड नामक संस्थाले त्यही मितिमा फ्रेन्डशिप डे मनाउने प्रस्ताव गरेको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड एक विश्वव्यापी नागरिक संगठन हो र यसले मित्रताका माध्यमले संसारमा शान्तिको वकालत गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०११ मा ३० जुलाईलाई फ्रेन्डशिप डेका रूपमा मनाइने घोषणा गरेको थियो । त्यसपछि फ्रेन्डशिप डेलाई आधिकारिक मान्यता दिइयो ।

नेपाल, भारत, लगायत एसियाका थुप्रै मुलुक र अमेरिकामा अगस्ट महिनाको पहिलो आइतबारलाई फ्रेन्डशिप डेका रूपमा मनाउने गरिएको छ । मित्रताको सम्बन्ध आदिकालदेखि चलिरहेको छ । प्राचीनकालमा पनि धेरै मानिसको मित्रता प्रसिद्ध भयो र प्रेरणाको स्रोत पनि बन्यो । भगवान् राम र हनुमानको मित्रता तथा भगवान् कृष्ण तथा सुदामाको मित्रताले अहिले पनि प्रेरणा दिन्छ । यो दिवसमा विशेषगरी मित्रताको प्रतिक स्वरुप साथीहरुको नाडीमा फ्रेन्डसिप ब्याड बाँधिदिने चलन रहेको छ । यस दिन साथीहरु जमघट भएर पार्टी गर्ने, उपहार आदान-प्रदान गर्ने पनि गरिन्छ ।

# पाल्पामा गुल्मेली चेलीबेटी समूह गठन



**पाल्पा,** साउन २०/ पेशा, व्यवसाय, रोजगार र अध्ययनको शिलशिलामा गुल्मीबाट पाल्पामा बसोवास गर्दै आएका गुल्मेली चेलीहरुले पाल्पामा गुल्मेली चेलीबेटी समूह गठन गरेका छन् । जिल्लामा रहेका गुल्मेली चेलीहरुको शनिबार तानसेनमा भएको भेलाले गुल्मेली चेलीबेटी समूह गठन गरेको हो ।

भेलाले महिला नेतृ रमा पन्त ज्ञवालीको अध्यक्षतामा १३ सदस्यी समूह गठन गरेको छ । जसको उपाध्यक्षमा लक्ष्मी पाण्डे, सचिवमा केशरी बस्नेत, कोषाध्यक्ष कमला पौडेल, सह-सचिवमा रिता पौडेल रहेका छन् । समूहको सदस्यहरुमा सरस्वती गौतम भट्टराई, मिना थापा, पद्मा भट्टराई श्रेष्ठ, बिमला ज्ञवाली, सीता खनाल, मिना पचभैया, दमयन्ती बजिमय र इन्दिरा ज्ञवाली रहेका छन् । यस्तै भेलाले सल्लाहकारहरुमा धनकला गाहा,देवी रेग्मीलाई चयन गरेको छ । गुल्मेलीहरु बिच आपसी सम्बन्ध र आत्मीयता कायम गराई एक ढिक्का भई अगाडि बढ्ने गरी समूह गठन गरिएको अध्यक्ष रमा पन्तले बताईन् । उनले गुल्मीबाट पाल्पामा बसोवास गर्दै आएका चेलीहरुबिचको आत्मीयता, सद्भाव र सम्बन्धलाई थप नजिक बनाउन समूहले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरिन् । अध्यक्ष पन्तले आगामी दिनमा समूहलाई सशक्त र रचनानात्मक ढंगले अगाडि बढाउने प्रतिवद्धता समेत व्यक्त गरिन् ।

# पाल्पामा जग्गा तथा आवास विकास संघ गठन



**पाल्पा,** साउन २०/पाल्पा जग्गा तथा आवास विकास संघको तदर्थ समिति गठन गरिएको छ । तानसेनमा बसेको घरजग्गा व्यवसायीहरुको भेलाले तदर्थ समिति गठन गरेको हो ।

भेलाले घरजग्गा व्यवसायी कमल प्रसाद ढकालको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरेको छ । जसको उपाध्यक्षमा द्वारिका प्रसाद नेपाल, सचिवमा रमेश प्रसाद न्यौपाने, कोषाध्यक्षमा कमल रायमाझीलाई चयन गरेको छ । समितिको सदस्यहरुमा महेश शर्मा, पदम राना र उमनाथ घिमिरे रहेका छन् । भेलाले मौजुदा समितिले विधान निर्माण गरी दर्ता प्रक्रिया अविलम्वन सम्पन्न गरिने समेत निर्णय गरेको छ । भेलामा जग्गा तथा आवास विकास महासंघका सचिव रामसुन्दर बके, केन्द्रीय सदस्य मोहनबहादुर राउतले घरजग्गा व्यवसायीहरुको हितमा काम गर्न नेतृत्वलाई आग्रह गरे ।

## खेलकुद समाचार

### नर्वेलाई हराउँदै जापान क्वार्टरफाइनलमा



काठमाडौं, साउन २०/नर्वेमाथि सहज जित हात पार्दै जापान महिला विश्वकप फुटबलको क्वार्टरफाइनल मा पुगेको छ । न्यूजिल्याण्डको स्काई स्टेडियममा शनिबार भएको खेलमा जापानले ३-१ को जित हात पारेको हो ।

२०११ को विश्व च्याम्पियन जापानले १५ औं मिनेटमा अग्रता लियो, जब हिनाता मियाजावाको क्रसलाई इंग्रिड एगेनले आफनै पोष्टको जाली चुमाइन् । केही मिनेटपछि नै नर्वेकी ग्युरो राइतनले गोल गर्दै खेललाई बराबरीमा फर्काएकी थिइन् । दोस्रो हाफमा जापान हावी भयो । ५०औं मिनेटमा रिसा सिमुजुले गोल गरिन् भने ८०औं मिनेटमा मियाजावाले गोल गर्दै जापानलाई क्वार्टरफाइनलमा पुऱ्याइन् । सेमिफाइनल प्रवेशका लागि जापानले डिफेण्डिङ च्याम्पियन अमेरिका र स्वीडेनबीच हुने खेलको विजेतासँग खेल्नेछ ।

### स्पेन क्वार्टरफाइनलमा



**काठमाडौं,** साउन २०/स्पेन फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ । स्पेनले स्विटजरल्याण्डलाई ५-१ गोलले हराउँदै क्वार्टरफाइनल तय गरेको हो ।

न्युजिल्याण्डको इडेन पार्कमा भएको खेलमा ११ औं मिनेटमा स्पेनकी लिया कोडिनाले आत्मघाती गोल गरेपछि स्विटजरल्याण्डले अग्रता बनाएको थियो तर, त्यसपछि स्विटजरल्याण्डले एक गोल पनि गर्न सकेन भने स्पेनले पाँच गोल गऱ्यो । स्पेनका लागि ऐताना बोन्मतीले दुई गोल गरिन् । अहिले जापान र नर्वेले खेलिरहेका छन् ।

महिला विश्वकप फुटबलमा आजदेखि अन्तिम १६ का खेल सुरु भएका हुन् । जापान समूह 'सी' को विजेता र नर्वे समूह 'ए' को उपविजेता टोली हो । महिला विश्वकप फुटबलमा ३२ देश सहभागि रहेकोमा १६ वटा टोली अन्तिम १६ मा पुगेका छन् । न्युजिल्याण्ड र अष्ट्रेलियाले संयुक्त रुपमा आयोजना गरेको यो प्रतियोगिता अगस्ट २० तारिखसम्म चल्नेछ ।

## कर्पोरेट/अर्थ समाचार

### अप्पर हाइड्रोको आइपीओ खुला




**पाल्पा,** साउन २०/अप्पर लोहोरे खोला हाइड्रोपावरले आइपीओ खुला गरेको छ । कम्पनीले दोस्रो चरणमा सर्वसाधरणको लागि आइपीओ खुला गरेको हो ।

अप्पर लोहोरे खोला हाइड्रोपावरको आइपीओको लागि साउन २२ गतेसम्म आवेदन दिन सकिनेछ । उक्त अवधिसम्म सम्पूर्ण कित्ताको लागि आवेदन नपरेमा बिक्री अवधि साउन ३२ गतेसम्म लम्बिने जनाइएको छ । कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरेको आइपिओ बाँडफाँट गरेपछि दोस्रो चरणमा सर्वसाधरणको लागि आइपीओ खुला गरिएको जनाएको छ ।

कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धक एनआइसी एशिया क्यापिटल हो । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सी-आस्बा सदस्य बैंक तथा वित्तिय संस्थाहरू र तिनका तोकिएका शाखा कार्यालय तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडले निर्माण गरेको सफ्टवेयर 'मेरो सेयर' अनलाइन प्रयोग गरी सी-आस्बा प्रणालीमार्फत् आवेदन दिन सक्ने छन् । कम्पनीले जारी पुँजी ५० करोड ९८ लाख ४ हजार रुपैयाँको ३९ प्रतिशत अर्थात् १९ लाख ८८ हजार २ सय ३६ कित्ता आइपीओ सर्वसाधारणमा निष्कासनका लागि छुट्याएको थियो । सोमध्ये १ लाख ९८ हजार ८२४ कित्ता साधारण सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरी रहेका नेपालीका लागि निष्कासन गरी बाँडफाँट गरिसकेको छ ।

यस्तै, कम्पनीले ३९ हजार ७ सय ६५ कित्ता सेयर कर्मचारीका लागि र ९९ हजार ४ सय १२ कित्ता सेयर सामूहिक लगानी कोषहरूका लागि छुट्याएको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्कासन गरेको सेयरमा आवेदन नपरेको सो सहित कुल १९ लाख ५३ हजार २ सय ७९ कित्ता सेयर सर्वसाधारणका लागि कम्पनीले निष्कासन गरिरहेको छ । उक्त आइपीओमा न्यूनतम १० कित्ताका लागि आवेदन दिनुपर्नेछ भने अधिकतममा २५ हजार कित्ताका लागि आवेदन दिन सकिन्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई